**आकाशवाणी समाचार- नेपाली**

**मितिः २८ मई २०२६**

**समयः ०७:२५ – ०७:३५ बजे (*अवधिः १० मिनट*)**

**प्रमुख समाचार**

- प्रधानमंत्री नरेंद्र मोदीले स्वच्छ भारत मिशनको दोस्रो चरणलाई प्रभावी रूपमा लागू गर्ने आवश्यकता माथि जोर दिनु भन्नुभएको छ।

- केंद्रीय कृषि अनि किसान कल्याण मंत्री शिवराज सिंह चौहानले आज नयाँ दिल्लीमा खरीफ अभियान 2026 को लागि कृषि माथि राष्ट्रीय सम्मेलनको उद्घाटन गर्नुहुनेछ।

- आज ईद उल अजहा देशभरिमै हर्षोलास सित मनाइन्दै छ| राष्ट्रपति द्रौपदी मुर्मुले ईद-उल-अजहाको अवसरमा देशवासिहरुलाई बधाई दिनुभएको छ।

- पश्चिम बंगाल सरकारले भारत-बांग्लादेश सीमामा पुलिस चौकिहरु स्थापित गर्ने अनि काडेतारको बार लगाउनको लागि सीमा सुरक्षा बललाई 142 दशमलव 7-9 एकड़ जमीन सुम्पिएको छ।

- आईपीएल क्रिकेटको एलीमिनेटर म्याचमा हिज राती राजस्थान रॉयल्सले सनराईजर्स हैदराबादलाई 47 रनले पराजित गरेको छ। प्रतियोगितामा भोली दोस्रो क्वालीफायर म्याचमा राजस्थान रॉयल्स अनि गुजरात टाईटंस बीच भिडन्त हुनेछ ।

**प्रधानमंत्री - प्रगति**

प्रधानमंत्री नरेंद्र मोदीले स्वच्छ भारत मिशनको दोस्रो चरणलाई प्रभावी रूपमा लागू गर्ने आवश्यकता माथि जोर दिंदै भन्नुभएको छ कि यो अभियान बुनियादी ढांचाको निर्माण सम्म मात्र तक सीमित नरहेर नियमित निगरानी, जनभागीदारी अनि विभिन्न पक्षहरुको समन्वय द्वारा यसले ठोस परिणाम सुनिश्चित गरिनेछ।नयाँ दिल्लीमा 51 औ प्रगति बैठकको अध्यक्षता गर्नुहुँदै प्रधानमंत्रीले राज्यहरुसित अपशिष्ट प्रबंधनसित सम्बन्धित परियोजनाहरु , जस्तै फोहोर-मैला प्रसंस्करण अनि गोबरधन संयंत्रहरुको निर्माणमा गति ल्याउने आग्रह गर्नुभयो। बैठकमा प्रधानमंत्रीली नौ राज्यहरुमा रेलवे, विद्युत अनि सड़क क्षेत्रहरुको लागि लगभग 30 हजार करोड़ रुपियाँको लागतको बुनियादी सुविधाहरुको सात महत्वपूर्ण परियोजनाहरुको समीक्षा गर्नुभयो। प्रधानमंत्रीली शहरी क्षेत्रहरु , आवासीय परिसर अनि सार्वजनिक संस्थानहरुमा छतमा सोलर पैनल लगाउने बिषय माथि जोर दिनुभयो। यसले बिजुली लागत कम्ति हुने , ऊर्जा सुरक्षा बढ्ने अनि स्वच्छ ऊर्जालाई प्रोत्साहन पुग्ने उहाले बताउनुभयो।सड़क अनि बंदरगाह संपर्क परियोजनाहरुको समीक्षा अवधि प्रधानमंत्रीले वाधवन बंदरगाहलाई आधुनिक मल्टी-मॉडल लॉजिस्टिक्स हबको रूपमा विकसित गर्ने बिषय माथि जोर दिनुभयो। केन-बेतवा नदी अंतर्संबंध परियोजनाको समीक्षा गर्नुहुँदै प्रधानमंत्रीले केन-बेतवा परियोजना अन्य राज्यहरुको लागि अंतरराज्यीय जल विवादहरुको समाधानको आदर्श मॉडल रहेको बताउनुभयो । प्रधानमंत्रीले भन्नुभयो कि सार्वजनिक परियोजनाहरुको कार्यान्वयनमा ढिलाईले लागत बढ्ने गर्दछ अनि नागरिकहरुलाई आवश्यक सुविधाहरु अनि विकासको लाभ समयमा प्राप्त हुँदैन। उहाले भन्नुभयो कि मंत्रालयहरु , विभागहरु अनि राज्यहरुले थातिमा रहेका मुद्दाहरुको समाधान गर्न , बाधाहरु दूर गर्न अनि तिब्र गतिमा कार्यान्वयन सुनिश्चित गर्नको लागि अधिक सक्रिय अनि समयबद्ध दृष्टिकोण अपनाउनु पर्नेछ। बैठकको आरम्भमा कैबिनेट सचिवले भन्नुभयो कि प्रधानमंत्रीको निर्देशहरु अनुसार राज्य स्तरमा सामाजिक क्षेत्रका योजनाहरुको मासिक समीक्षा प्रणाली पनि शुरू गरिएको छ। यस तंत्रको उद्देश्य नियमित निगरानी, कार्यान्वयन संबंधी मुद्दाहरुको तिब्र रुपमा समाधान अनि राज्य तथा जिल्ला स्तरमा अधिक

जवाबदेही सुनिश्चित गर्नु हो।

**चौहान - खरीफ अभियान**

केंद्रीय कृषि अनि किसान कल्याण मंत्री शिवराज सिंह चौहानले आज नयाँ दिल्लीमा खरीफ अभियान 2026 को लागि कृषि माथि राष्ट्रीय सम्मेलनको उद्घाटन गर्नुहुनेछ। दुई दिने यस कार्यक्रममा कृषि अनि संबंधित महत्वपूर्ण मुद्दाहरु माथि विषयगत चर्चा, राज्यवार भागीदारी सामेल हुनेछन्। कृषि अनि किसान कल्याण मंत्रालयले सम्मेलनको उद्देश्य आगामी खरीफ मौसमको लागि रणनीतिहरु माथि विचार-विमर्श गर्नु रहेको बताएको छ। मंत्रालयले बताए अनुसार सम्मेलनमा केंद्र अनि राज्य सरकारहरु , भारतीय कृषि अनुसंधान परिषद्, कृषि संस्थान तथा अन्य हितधारकहरुले भाग लिनेछन्। यो आयोजनले खरीफ मौसमको तैयारिहरु , कृषि उत्पादकता, मौसमको समस्याहरुसित जुझ्नको लागि जलवायु-अनुकूल खेती, प्राकृतिक खेती, दलहन और तिलहन उत्पादन, डिजिटल कृषि अनि खतरा प्रबंधन माथि केंद्रित चर्चाहरुको लागि एक मंच प्रदान गर्नेछ।

**जयशंकर-साइप्रस**

विदेश मंत्री डॉ. एस. जयशंकर यूरोपीय संघका विदेश मंत्रिहरुको अनौपचारिक बैठक- **जिम्निच मा** भाग लिनको लागि साइप्रस पुग्नुभएको छ। सोशल मीडिया पोस्टमा विदेश मंत्रीली यूरोपीय आयोगका उपाध्यक्ष काजा कल्लास अनि साइप्रसका विदेश मंत्री डॉ. कॉन्स्टेंटिनोस कोम्बोसलाई निमंत्रणको लागि धन्यवाद दिनुभयो।

**राष्ट्रपति सिक्किम**

राष्ट्रपति द्रौपदी मुर्मुले आज गान्तोकको पालजोर स्टेडियममा सिक्किम पुलिसलाई प्रतिष्ठित राष्ट्रपति पुलिस ध्वज प्रदान गर्नुहुनेछ। सिक्किम यो पुरस्कार प्राप्त गर्ने देशको 15 औ अनि पूर्वोत्तरको तेस्रो राज्य बन्नेछ।राष्ट्रपति पुलिस ध्वज देशमा कुनै पनि पुलिस बललाई दिईने सर्वोच्च औपचारिक उपाधि हो। यो असाधारण सेवा, अटूट अनुशासन अनि राष्ट्र प्रति समर्पणको मान्यतामा प्रदान गरिन्छ। वरिष्ठ पुलिस अधीक्षक स्तरका अधिकारीको नेतृत्वमा सिक्किम पुलिसको 400 गौरवशाली जवानहरुले राष्ट्रपति समक्ष परेडमा भाग लिनेछन्।यो सम्मान सिक्किम पुलिसका बहादुर जवानहरु द्वारा जनताको सेवा अनि राज्यको सुरक्षामा प्रदर्शित प्रतिबद्धता, बलिदान अनि पेशेवर कार्यशैली प्रति गौरवपूर्ण नमन हो।

**राष्ट्रपति-ईद उल अजहा**

ईद-उल-अज़हा, आज देशको विभिन्न भागहरुमा धार्मिक उत्साह अनि उमंगको साथ मनाइन्दै छ। यसलाई बकरीद पनि भनिन्छ। राष्ट्रपति द्रौपदी मुर्मुले ईद-उल-अजहाको अवसरमा देशवासिहरुलाई बधाई दिनुभएको छ। आफ्नो संदेशमा उहाले भन्नुभयो -यो त्योहार भक्ति, त्याग अनि निस्वार्थताको प्रतीक हो। उहाले भन्नुभयो यस त्योहारले नागरिकहरुलाई मानवता अनि विशेष गरेर वंचितहरुको सेवा गर्नको लागि प्रेरित गर्दछ। उहाले नागरिकहरुसित समाजमा प्रेम अनि सद्भावलाई बढ़ावा दिने संकल्पलाई बलियो बनाउने आग्रह गर्नुभयो।

**अमित शाह-गुजरात**

गृह मंत्री अमित शाह आज गुजरातको भ्रमणमा रहनुहुनेछ। श्री शाहले यस अवधि अहमदाबाद अनि गांधीनगर जिल्लामा सार्वजनिक उपयोगिता, शिक्षा अनि ग्रामीण क्षेत्रहरुको आधारभूत सुविधाहरुको लगभग 12 परियोजनाहरुको उद्घाटन अनि शिलान्यास गर्नुहुनेछ।

**पश्चिम बंगाल-बाढ**

पश्चिम बंगाल सरकारले भारत-बांग्लादेश सीमामा पुलिस चौकिहरु स्थापित गर्ने अनि काडेतारको बार लगाउनको लागि सीमा सुरक्षा बललाई 142 दशमलव 7-9 एकड़ जमीन सुम्पिएको छ। यो निर्णय भारतीय जनता पार्टी सरकारको गत 11 मईमा भएको पहिलो मंत्रिमंडल बैठकमा लिईएको त्येस निर्णयको हिस्सा हो जस अंतर्गत सीमामा बाड़ लगाउने अनि संबंधित बुनियादी ढांचा परियोजनाहरुको लागि 45 दिन भित्र 600 एकड़ जमीन हस्तांतरित गरिनु थियो। सोशल मीडिया पोस्टमा मुख्यमंत्री सुभेंदु

अधिकारीले भन्नुभयो - पश्चिम बंगाल सरकारले सीमा सुरक्षा बलले चौकिहरुमा काडेतारको बार निर्माणलाई सुविधाजनक बनाएर सीमा सुरक्षालाई बलियो बनाउन गहन उपाय शुरू गरेको छ जसले गर्दा सीमावर्ती क्षेत्रहरुमा सुरक्षा अझ बढ्नेछ। उहाले 9 जिल्लाहरुमा बललाई हस्तांतरित गरिएको जमीनको विस्तृत चार्ट पनि साझा गर्नुभयो । यसको पहिलो चरणमा पांच जिल्लाहरुमा किनिएको 43 एकड़ जमीन अनि निहित 31 दशमलव 9 एकड़ जमीनको लागि स्वीकृति आदेश अनुरुप गत 20 मई मा बललाई सुम्पिएको छ। पश्चिम बंगालको बांग्लादेशसित 2 हजार 217 किलोमीटर लामो सीमा छ जो भारतसित रहेको सबैभन्दा लामो सीमा हो। श्री अधिकारीका अनुसार, राज्यमा सीमाको लगभग 1 हजार 600 किलोमीटर हिस्सामा बार लगाई सकिएको छ , जबकि लगभग 600 किलोमीटर हिस्सामा अझ पनि बार बनिएको छैन।

**आईपीएल क्रिकेट**

आईपीएल क्रिकेटको एलीमिनेटर म्याचमा हिज राती राजस्थान रॉयल्सले सनराईजर्स हैदराबादलाई 47 रनले पराजित गरेको छ। न्यू चंडीगढ़मा पहिला बल्लेबाजी गर्दै राजस्थानले निर्धारित 20 ओवरमा 8 विकेट गुमाएर 243 रन बनाए। जवाबमा हैदराबादको टीम अंतिम ओवरमा 196 रनमानै ऑल आउट भए। राजस्थानको लागि वैभव सूर्यवंशीली 29 बलमा उत्कृस्ट 97 रनको पारी खेले। वैभवलाई प्लेयर ऑफ द म्याचा चुनियो। प्रतियोगितामा भोली दोस्रो क्वालीफायर म्याचमा राजस्थान रॉयल्स अनि गुजरात टाईटंस बीच भिडन्त हुनेछ।